प्रस्तावहरु :-

१. गत आ. व. २०८०/०८१ को बार्षिक समिक्षा सम्बन्धामा ।

२. कार्यसम्पादन सम्झौता सम्वन्धमा।

३. चालु आ. व. २०८१/०८२ को योजना/कार्यक्रम कार्यान्वियन तालिका सम्बन्धमा ।

४. सेवा प्रवाह सम्वन्धमा।

५. विविध सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृत ज्यूले प्रस्तुत गर्नु भएको गत आ.व २०८०/०८१ संचालन भएका कार्यक्रमहरुको प्रगति माथि छलफल गरियो साथै गत आ.व को कार्यक्रम हरुको प्रगति लाई मूल्याङकन गर्दै चालु आ.व का कार्यक्रमहरु लाई थप प्रभावकारी रुपमा संचालनको लागि विषयगत शाखहरुलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा चालु आ.ब. २०८१/०८२ मा कार्यालयबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी र जनमुखि बनाउदै कर्मचारिहरुको कार्यसम्पादन क्षमतालाई प्रभावकरि बनाउनको लागी कर्मचारीहरुलाइ आफ्नो कार्य क्षेत्रअनुसारको कार्यविवरण प्रदान गर्दै प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत तथा प्रमुख प्रशासकिय अधिकृत र सम्पूर्ण शाखा प्रमुखहरु विच कार्यसम्पादन सम्झौता गर्ने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विषयषगत शाखाहरुले यथाशिघ्र चालु आ.व २०८१/०८२ मा संचालन गर्ने आयोजना तथा कार्यक्रमहरु कार्यक्रम कार्यन्वयन कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने निर्णय गरियो।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा चालु आ.ब. २०८१/०८२ मा कार्यालयबाट नागरिकहरुलाई प्रवाह हुने सेवा सुविधालाई सहज, छिटो छरितो,पारदर्शी एवं नागरिकमैत्री बनाउने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं ५ विविध माथि छलफल गरी तपशिल बमोजिमको निर्णय गरियो।

क. गाउँपालिका क्षेत्रभित्रका निर्माण कार्य तथा अन्य सेवा प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको न्यूनतम दररेट जिल्ला प्रशासन कार्यालयले निर्धारण गरेको दररेट लाई कायम गर्ने निर्णय गरियो।

ख. विविधमा अन्य छलफलका विषयहरु नभएको हुदाँ अध्यक्षज्यूले आजको बैठकको समापन गर्नु भयो ।

CamScanner